**कार्यसम्पादन सम्झौता सम्वन्धी प्रेस  विज्ञप्ती**

नेपाल सरकारका विभिन्न निकायहरुवाट सम्पादन हुने कार्यलाई  नतिजामा आधारित वनाउन कार्यसम्पादन सम्झौता गर्ने नीति अनुरुप संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५ जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीहरु र २१७ नगरपालिकाका कार्यकारी अधिकृतहरुसंग कार्यसम्पादन सम्झौता गरि सकेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ एवं निजामती सेवा नियमावली, २०५० को नियम १२५ को प्रावधान वमोजिम यस मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका महानिर्देशक श्री रामकृष्ण सापकोटा विच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ ।

यसरी कार्यसम्पादन सम्झौता भएका पदाधिकारीहरुको कार्यसम्पादन मूल्यांकन आवधिक रुपमा गर्ने व्यवस्था मिलाइएको छ । यस प्रकृयाले मन्त्रालयवाट प्रदान हुने सेवा प्रवाहमा प्रभावकारीता, पारदर्शीता र जिम्मेवारीपनामा अभिवृद्धी हुने विश्वास यस मन्त्रालयले लिएको छ ।

(रश्मिराज पाण्डे)
सहसचिव एवं प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ जेष्ठ ३० आइतवार